# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड १, संख्या १४, श्रावण ०४ गते, २०७५ साल**


**स्थानीय सरकार सञ्चालन ऐन**, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर सभाले देहायको ऐन जारी गरेको छ ।

# भाग १

## बेसीशहर नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन , २०७५

**प्रस्तावना** : बेसीशहर नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२१ को उपधारा (१) को अधिकार प्रयोग गरी बेसीशहर नगरसभाले यो ऐन बनाएको छ ।